अंक १, २०६४ फागुन (फेब्रुअरी/मार्च २००८)

# सेबोन न्यूजलेटर

सचेततापूर्वक धितोपत्रमा लगानी गरी आर्थिक विकासमा सहभागी बनौं ।

■ धितोपत्रमा विदेशी लगानी **पृष्ठ-२** ■ धितोपत्रको दोस्रो बजार **पृष्ठ-३** ■ धितोपत्र निष्काशन **पृष्ठ-४**

## अध्यक्षको मन्तव्य

**नेपाल धितोपत्र बोर्डले बजारलाई स्वच्छ तथा पारदर्शी बनाउन सम्बद्ध पक्षहरुको आपसी सहयोग तथा समझदारी लिई आफ्नो प्रयासलाई हाल सक्रियता पूर्वक अगाडि बढाईरहेको छ । यस सन्दर्भमा धितोपत्र बजारलाई स्वच्छ तथा पारदर्शी बनाउन धितोपत्र बजार सम्बन्धी भरपर्दो जानकारी तथा सूचना र सोको तत्काल प्रवाह हुनुपर्ने तथ्यलाई दृष्टिगत गरी बोर्डका समसामयीक गतिविधीहरु र धितोपत्र बजार तथा सूचिकृत संगठित संस्थाहरुका गतिविधिहरु समेत समावेश गरी बोर्डले नेपाल धितोपत्र बोर्ड त्रैमासिक न्यूजलेटर प्रकाशनको शुरुवात गरेको छ । यस प्रकाशनले लगानीकर्ता, धितोपत्र बजार, धितोपत्र व्यवसायी तथा अन्य सवद्ध पक्षहरुलाई धितोपत्र बजार सम्बन्धी समसामयिक जानकारी दिई धितोपत्र बजारलाई सु-सूचित बनाउन सहयोग पुऱ्याउने विश्वास बोर्डको रहेको छ । यस प्रकाशनको स्तरोउन्नतीका लागि प्राप्त हुने सल्लाह तथा सुझावको बोर्डले सदैव स्वागत गर्नेछ ।**

**डा. चिरञ्जीवी नेपाल**
**२०६४ फागुन**

## सञ्चालन स्थिति अज्ञात रहेका कम्पनी सम्बन्धी अध्ययन

नेपाल धितोपत्र बोर्डबाट निष्काशन अनुमति लिएका वा निष्काशन अनुमति लिई सूचीकरण समेत भई विगत केही वर्ष देखि सञ्चालनको अद्यावधिक स्थिति सार्वजनिक नभएका (भेनिसिङ्ग) कम्पनीहरुको सम्बन्धमा आवश्यक नीति तर्जुमा गर्न त्यस्ता कम्पनीहरुको बारेमा बोर्डले अध्ययन गरिरहेको छ । सो अध्ययन पश्चात त्यस्ता कम्पनीहरुको स्थितिको बारेमा सर्वसाधारणलाई जानकारी गराइने छ ।साथै, धितोपत्र दलाल व्यवसायीहरुले बोर्ड समक्ष प्रस्तुत गर्ने रिर्पोटिङ्गको प्रारुप तयार गरी राय सुझाव सहित यसलाई अन्तिमरुप दिने कार्य भैरहेको छ । सो प्रारुपको निमार्ण तथा कार्यान्वयनबाट धितोपत्र दलाल व्यवसायीहरुको विवरण प्रवाह अभ्यासमा सुधार आउने तथा प्रवाहित विवरणमा एकरुपता एवं स्पष्टता वढ्ने विश्वास लिइएको छ ।

# दलाल ब्यवसायीका लागि अभिमूखिकरण कार्यक्रम

नेपाल धितोपत्र बोर्डले गत माघ २५ गते धितोपत्र विनिमय बजारमा कार्यरत दलाल व्यवसायीहरूका लागि एक अभिमुखिकरण कार्यक्रम सञ्चालन गऱ्यो । बजारमा विद्यमान धितोपत्र दलाल व्यवसायीहरूको नियम पालनाको स्थितिमा सुधार ल्याउन धितोपत्र सम्बन्धी ऐन, २०६३ अर्न्तगत लागू भएका नयाँ नियमावलीहरूले गरेको नयाँ नियमन व्यवस्था तथा व्यवसायीहरूले पालना गर्नुपर्ने व्यवस्थाका सम्बन्धमा जानकारी गराउन सो अभिमूखिकरण कार्यक्रम आयोजना गरिएको थियो । अभिमूखिकरण कार्यक्रमको उद्घाटन गर्दै राष्ट्रिय योजना आयोगका सदस्य डा. पोषराज पाण्डेले देशमा छरिएर रहेको पुँजीलाई पुँजी बजार मार्फत उत्पादनशिल क्षेत्रमा परिचालन गर्न धितोपत्र दलाल व्यवसायीहरूको सेवा लगानीकर्ताहरूका लागि महत्वपुर्ण हुने र सोही अनुरूप व्यवसायिक रूपमा सेवा उपलब्ध गराउन धितोपत्र व्यवसायीहरू प्रतिवद्ध हुनुपर्ने बताउदै बजारमा अनियमित क्रियाकलापहरू देखिएमा सरकार चुप लागेर नबस्ने तथा सोको नियन्त्रण एवं पुँजी बजारको हितका लागि वर्तमान सरकार जुनसुकै नीति नियम समेत परिमार्जन गर्न तयार रहेको जानकारी दिनु भयो । सोही अवसरमा नेपाल राष्ट्र बैंकका का.मु. गर्भनर कृष्णबहादुर मानन्धरले केन्द्रीय बैंकको प्रमुख उद्देश्य बैंक तथा वित्त कम्पनीहरूको प्रभावकारी नियमन गर्नु रहेको हुँदा यसका लागि नेपाल राष्ट्र बैंकले सोही उद्देश्य अनुरूप विभिन्न नीतिहरू अवलम्बन गर्नुपर्ने हुन्छ र यस्तो नीतिहरूको धितोपत्र बजारमा पर्न सक्ने प्रभाव प्रति समेत राष्ट्र बैक सजग रहने गरेको धारणा व्यक्त गर्नुभयो ।

सभापतिको आसनबाट बोर्डका अध्यक्ष डा. चिरञ्जीवी नेपालले पुँजीबजारलाई स्वच्छ एवं पारदर्शी बनाउन तथा सम्वद्ध पक्षहरूलाई सर्वसाधारण लगानीकर्ता प्रति जिम्मेवार बनाउन बोर्ड प्रतिवद्ध रहेको तथा यसमा बजारसँग सम्बन्धित सवैको सामुहिक सहयोग हुनुपर्ने कुरामा जोड दिनु भयो । कार्यक्रममा नेपाल धितोपत्र विनिमय बजार लि. का महाप्रबन्धक रेवतबहादुर कार्की, धितोपत्र दलाल संघका अध्यक्ष नवराज पोखेल, नेपाल




इन्भेष्टमेन्ट फोरमका अध्यक्ष सुनन्दबहादुर श्रेष्ठले समेत आ-आफ्नो मन्तब्य राख्नु भएको थियो । धितोपत्र बजारमा कार्यरत २३ दलाल व्यवसायी कम्पनीहरूका प्रमुख कार्यकारी सहित ३८ जनाको सहभागिता रहेको सो कार्यक्रमलाई दुई छुट्टाछुट्टै कार्यसत्रमा विभाजन गरी तीन कार्यपत्र प्रस्तुत गरिएको थियो । बोर्डका सदस्य एवं कानुन न्याय तथा संसदीय व्यवस्था मन्त्रालयका सहसचिव वाबुराम रेग्मीले सञ्चालन गर्नु भएको पहिलो कार्यसत्रमा नेपाल धितोपत्र बोर्डका उपनिर्देशक ध्रुव तिमिल्सिनाले बजार नियमन विषयमा कार्यपत्र प्रस्तुत गर्नु भएको थियो । बोर्डका सदस्य एवं नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्थाका उपाध्यक्ष टंकप्रसाद पनेरूले दोश्रो कार्यसत्रको सञ्चालन गर्नु भएको थियो । सो सत्रमा बोर्डका तर्फबाट उपनिर्देशक मुक्तिनाथ श्रेष्ठले कानुन प्रवलीकरण विषयमा कार्यपत्र प्रस्तुत गर्नु भएको थियो भने नेपाल धितोपत्र विनिमय बजार लि. का प्रबन्धक विजय गुरूङ्गले सदस्य दलाल सम्बन्धी नियम र तिनको पालना विषयमा कार्यपत्र प्रस्तुत गर्नु भएको थियो ।

बोर्डका निर्देशक निरज गिरीले बजार अवधारणा बारेमा उल्लेख गर्दै कार्यक्रम सञ्चालन गर्नु भएको थियो भने निर्देशक परीष्टनाथ पौड्यालले बजारका कमि कमजोरीलाई सुधार गर्नुपर्ने तर्फ औंल्याउदै स्वागत मन्तब्य राख्नु भएको थियो । समापन सत्रमा प्रमुख अतिथि डा. पोषराज पाण्डेले दलाल व्यवसायीहरूलाई सहभागिताको प्रमाण पत्र वितरण गर्नु भएको थियो ।

## वार्षिक प्रतिवेदन सार्वजनिक

नेपाल धितोपत्र बोर्डले गत पौष ५ गते पत्रकार सम्मेलन गरि वार्षिक प्रतिवेदन २०६३।६४ सार्वजनिक गऱ्यो । बोर्डले आफ्नो वार्षिक प्रतिवेदन हरेक वर्ष आर्थिक पत्रकारहरू समक्ष सार्वजनिक गर्दै आएको छ । सो प्रतिवेदनमा बोर्डले गत आर्थिक वर्षभित्र गरेका कामकारवाही तथा नेपालको पुँजीबजार गतिविधि तथा सूचीकृत कम्पनीहरूको गतिविधि सम्बन्धी जानकारीहरू समेटिएको छ । प्रतिवेदन सार्वजनिक कार्यक्रममा बोर्डका निर्देशक निरज गिरीले प्रतिवेदनमा भएका मुख्य मुख्य अंशहरू प्रस्तुत गर्नु भएको थियो । कार्यक्रमलाई सम्वोधन गर्दै बोर्डका अध्यक्ष डा. चिरञ्जीवी नेपालले पुँजी बजार विकास अवधारणा बारेमा प्रकाश पार्नु भएको थियो ।



# पुँजीबजार र आर्थिक पत्रकार अर्न्तक्रिया आयोजना

अर्थमन्त्री डा. रामशरण महतले नेपाली सेयर बजारको विकास वामे सर्ने अवस्थामा रहेकोले त्यस्तो बजारमा देखिएको अस्वभाविक दोस्रो बजार मूल्य वृद्धी रोक्न नसके धराशायी हुने बताउनु भयो । नेपाल धितोपत्र बोर्ड र नेपाल आर्थिक पत्रकार समाज (सेजन) को संयुक्त आयोजनमा गत पुष २० र २१ गते नगरकोटमा आयोजना गरिएको "पुँजीबजार र आर्थिक पत्रकार" विषयक अन्तक्रियाको उद्घाटन कार्यक्रममा अर्थमन्त्री डा. महतले धितोपत्र बजारमा देखिएको अस्वभाविक वृद्धी नियन्त्रण गर्न नेपाल राष्ट्र बैंकले सेयर धितो कर्जामा रोक लगाएको बताउनु भयो । अर्थमन्त्री महतले सेयर बजारमा पारदर्शिताको अभाव देखिएकोले त्यसलाई नियन्त्रण गर्न राष्ट्र बैंकले अपनाएको सो नीतिको प्रभाव नहेरी दवावका भरमा बजार बन्द गर्नु औचित्यहिन भएको टिप्पणी गर्नुभयो। सो अवसरमा सभापतिको आसनबाट अर्थ सचिव विद्याधर मल्लिकले नेपालको सेयर बजारमा देखिएको अस्वभाविकतालाई नियन्त्रण गर्न कडा कानुनको अवलम्बन गरिएको जानकारी दिँदै यसले बजारको अस्वस्थ प्रतिस्पर्धालाई समेत रोक्न सक्ने धारणा व्यक्त गर्नुभयो ।

विद्यमान सञ्चार संस्थाहरूमा कार्यरत आर्थिक पत्रकारहरूको सहभागिता रहेको सो अन्तक्रियामा आफ्नो मन्तव्य राख्दै अर्थ मन्त्रालयका सह सचिव एवं नेपाल धितोपत्र विनिमय बजार लि. का अध्यक्ष बिमलप्रसाद वाग्लेले धितोपत्र कारोबारका लागि वाइड एरिया नेटवर्कमा गइसकेपछि ऐनले व्यवस्था गरेको योग्यता पुरा गरी आउनेहरू सबैले सेयर दलालको अनुमति पाउने छन् भन्नु भयो । चालु आर्थिक वर्षभित्र नेपाल धितोपत्र विनिमय बजारलाई निजीकरण गरिने बताउँदै उहाँले यसको तयारी तिब्र गतिमा भैरहेको जानकारी पनि दिनु भयो ।

कार्यक्रममा स्वागत मन्तव्य राख्दै नेपाल धितोपत्र बोर्डका अध्यक्ष डा. चिरञ्जीवी नेपालले नेपाली सेयर बजारलाई पारदर्शी बनाउन बोर्ड प्रतिवद्ध रहेको बताउनु भयो । दक्षिण एशियाको धितोपत्र बजारलाई एकिकृत गर्ने अवधारणा विकास भैरहेको बेलामा नेपाल पनि पछाडी पर्न नहुने धारणा राख्दै अध्यक्ष डा. नेपालले यसका लागि वास्तविक लगानीकर्ताहरूलाई आर्कषित गर्न सेयर बजार स्वच्छ एवं पारदर्शी बनाउनु पर्नेमा जोड दिनु भयो । दुई दिनसम्म चलेको कार्यक्रमको पहिलो दिनको कार्यक्रममा नेपाल धितोपत्र बोर्डका निर्देशक निरज गिरीले नेपालको धितोपत्र बजार संरचना तथा बोर्डको भुमिका तथा बोर्डका निर्देशक परीष्टनाथ पौड्यालले बजार नियमन, सुपरीवेक्षण तथा कानुन प्रवलीकरण विषयमा छुट्टा छुट्टै कार्यपत्र प्रस्तुत गर्नु भएको थियो । दुई सत्रमा विभाजित सो कार्यक्रमको दोश्रो दिन बोर्डका विभागीय उपनिर्देशकहरूले आ-आफ्नो क्षेत्रका छुट्टाछुट्टै कार्यपत्रहरू प्रस्तुत गर्नु भएको थियो । अर्थ मन्त्रालयका सह सचिव बिमलप्रसाद वाग्लेले



सभापतित्व गर्नु भएको सो कार्यक्रममा संस्थागत वित्त महाशाखाका उपनिर्देशक विनयदेव आचार्यले धितोपत्र निष्काशन व्यवस्था तथा प्रक्रिया, बजार सुपरीवेक्षण विभागका उपनिर्देशक ध्रुव तिमिल्सिनाले धितोपत्र बजार सुपरिवेक्षण, उपनिर्देशक मुक्तिनाथ श्रेष्ठले धितोपत्र बजारको नियमन तथा कानुन प्रवलीकरण, उपनिर्देशक मेखबहादुर थापाले कर्पोरेट रिर्पोटिङ्ग एण्ड फाइनान्सियल एनालिसिस र उपनिर्देशक नवराज अधिकारीले धितोपत्र बजार विकास तथा सचेतता कार्यक्रम विषयमा कार्यपत्रहरू प्रस्तुत गर्नु भएको थियो । सो अवसरमा नेपाल आर्थिक पत्रकार समाज (सेजन) का तर्फबाट पत्रकार विजय घिमिरेले सञ्चार माध्यम र सेयर बजारका विषयमा प्रस्तुती गर्नु भएको थियो ।

### भ्रमण

दक्षिण एशियाली धितोपत्र बजार नियमन निकायहरू बीच आपसी सहयोग र सिप आदान प्रदान गर्ने उद्देश्यले स्थापित South Asian Securities Regulators forum (SASRF) को दोश्रो वार्षिक बैठक गत जनवरी २६ देखि फेब्रुअरी १ सम्म नयाँ दिल्लीमा बसेको थियो । Securities and Exchange Board of India ले आयोजना गरेको उक्त बैठकमा नेपाल धितोपत्र बोर्डका तर्फबाट बोर्डका अध्यक्ष डा. चिरञ्जीवी नेपाल तथा बोर्डका निर्देशकद्वय निरज गिरी तथा परीष्टनाथ पौड्याल सहभागी हुनुभएको थियो ।

## लगानीकर्ता सचेतता अभियान सञ्चालन

सेयरमा लगानी गर्न सर्वसाधारण लगानीकर्ताहरूमा लगानी सचेतता अभिवृद्धि गर्ने उद्देश्यले नेपाल धितोपत्र बोर्डले २०६४ माघ ३ गते देखि राजधानीमा साप्ताहिक लगानीकर्ता सचेतता अभियान सञ्चालन गऱ्यो । सो कार्यक्रम राजधानीका प्रमुख केन्द्रहरूमा बाजा बजाई सर्वसाधारणको ध्यान आकृष्ट गर्दै सर्वसाधारणहरूले लगानी गर्दा ध्यान दिनुपर्ने कुराहरू उल्लेखित पर्चाहरू वितरण गर्नुका साथै ब्यानर तथा सूचनामूलक जानकारी राखिएका प्लेकार्ड प्रदर्शन समेत गरिएको थियो । राजधानीको थापाथली चोकबाट आरम्भ भएको सो सचेतता अभियान त्रिपुरेश्वर, सिंहदरबार, माइतीघर मण्डला, रत्नपार्क शान्तिबाटिका, नयाँ बानेश्वर, कोटेश्वर, नारायणगोपाल चोक, कंलकी, कालीमाटी, न्यूरोड, चावहिल हुँदै गौशालामा आएर समापन भएको थियो । लगनखेलको ललितपुर माध्यामिक विद्यालयका छात्रछात्रा तथा बोर्डका कर्मचारीहरू सम्मिलित सो कार्यक्रममा सर्वसाधारणहरूको सेयर सम्बन्धी मौखिक जिज्ञासालाई समेत पुरा गरिएको थियो । बिहान साढे नौ बजेदेखि साढे दश बजेसम्म र दिउँसो साढे तिन बजेदेखि साढे चार बजेसम्म गरी दिनमा दुई पटक राजधानीका उल्लेखित चोकहरूमा जम्मा भएर सो अभियान सञ्चालन गरिएको थियो ।

अभियानको समापन गर्दै अर्थ मन्त्रालयका सचिव विद्याधर मल्लिकले सहभागी विद्यार्थीहरूलाई प्रमाणपत्र एवं विद्यालयलाई ट्रफी वितरण गर्नु भएको थियो । २०६४ माघ ११ गते बोर्डको परिसरमा भएको समापन समारोहमा अध्यक्ष डा. चिरञ्जीवी नेपालले सो अभियानबाट करिब तिन लाख सर्वसाधारण लगानीकर्ता प्रत्यक्ष लाभान्वित भएको जानकारी दिनु भयो ।

## सूचना प्रणाली ब्यवस्थापन

नेपाल धितोपत्र बोर्डले धितोपत्र बजारसँग सम्बन्धित सूचनाहरूमा सर्वसाधारणको पहुँच पुग्ने गरि सुदृढ व्यवस्थापन गर्ने भएको छ । यसका लागि आवश्यक स्रोत जुटाउन तयार गरिएको Establishment of Securities Data Managemnet System (SDMS) in SEBON शीर्षकको परियोजना प्रस्ताव राष्ट्रिय योजना आयोगबाट प्रारम्भिक स्वीकृति भैसकेको छ । बोर्डको आन्तरिक एवं वाहृय सूचना प्रणालीलाई व्यवस्थित गरी धितोपत्र सम्बन्धी जानकारी तथा तथ्यांक प्रणालीको सुदृढ व्यवस्थापन गरि धितोपत्र सम्बन्धी तथ्यांक बैंक विकास गर्ने उद्देश्य राखेर बोर्डले राष्ट्रिय योजना आयोगको गरिवी अनुगमन महाशाखा, आर्थिक सुधार सेवा परियोजनामा प्रस्ताव पेश गरेको थियो ।

## धितोपत्रमा वैदेशिक लगानी


गैर आवासीय नेपाली तथा विदेशी लगानी (NRN तथा FIIs) का लागि धितोपत्रको दोस्रो बजार खुला गर्ने सम्बन्धमा नेपाल धितोपत्र बोर्डले प्रारम्भिक अवधारणापत्र तयार गरेको छ । चालु आर्थिक वर्षको बजेट वक्तव्यमा समेत नेपालको धितोपत्रको दोस्रो बजारमा गैर आवासीय नेपाली तथा विदेशी लगानीलाई खुला गर्न उल्लेख गरिएको छ । धितोपत्रको दोस्रो बजारमा यस किसिमको लगानीलाई कसरी भित्राउन सकिन्छ भनि बोर्डले सार्क क्षेत्रमा रहेको अभ्यास तथा सम्बन्धित ऐन नियममा रहेको व्यवस्थाहरूको अध्ययन गरेको छ । अध्ययन पश्चात यसका लागि तयार हुनुपर्ने न्यूनतम व्यवस्थाका सम्बन्धमा प्रारम्भिक अवधारणापत्र तयार गरिएको हो ।

# उजुरीका लागि हटलाइन

धितोपत्र लगानी सम्बन्धमा कुनै जिज्ञासा तथा गुनासाहरू भए उजुरी दिनका लागि नेपाल धितोपत्र बोर्डमा गत मंसिर २ गते देखि एक हटलाइन टेलिफोन (४-२३८३२६) को व्यवस्था गरिएको छ । लगानी कर्ताहरूले आफ्नो हित विपरीत कार्य हुन लागेको वा कार्य भएको जानकारी पाउने वित्तिकै तत्काल बोर्ड समक्ष गुनासा राख्न सकुन भन्ने उद्देश्यले सो व्यवस्था गरिएको हो । नेपाल धितोपत्र बोर्ड सम्बन्धी नियमावली, २०६४ को नियम १५ मा यसरी उजुरी दिन सक्ने व्यवस्था छ । सर्वसाधारण लगानीकर्ताहरूको हितको लागि नेपाल धितोपत्र बोर्डले जिज्ञासा तथा गुनासाका विषय तथा लिखित रूपमा उजुरी गर्न सक्ने ढाँचा बोर्डको वेवसाइट www.sebonp.com मा समेत समावेश गरेको छ । सो व्यवस्था पछि सानो परिमाणको खरिद बिक्री आदेश नलिएकाले कारोबार हुन नसकेको, संगठित संस्थाले धितोपत्रको दाखिला खारेज ढिलो गर्ने गरेको, साधारण सभा नगरेको लगायतका विषयमा टेलिफोनबाट गुनासाहरू प्राप्त भएकोमा बोर्डले सो सम्बन्धमा दलाल व्यवसायीसंग जानकारी लिई आवश्यक सुधार गर्न तथा कतिपय गुनासाहरूका लागि नीतिमा नै परिमार्जन गर्नुपर्ने भएकाले सो सम्बन्धमा पनि ठोस कदमहरू अगाडि बढाइएको छ । साथै आगामी दिनमा हटलाइन मार्फत प्राप्त गुनासाहरूको समाधान कार्यलाई थप प्रभावकारी बनाउँदै लगिने बोर्डको सोचाइ रहेको छ ।


## धितोपत्रको दोस्रो बजार

२०६४ माघ मसान्तमा धितोपत्रको दोस्रो बजार कारोबारको कूल बजार पुँजीकरण मूल्य रु. २ खर्व ६० अर्व ५० करोड ५४ लाख ८० हजार पुगेको छ । २०६४ मंसिरमा सो मूल्य रु. ३ खर्व २२ अर्व ६१ करोड ९४ लाख ५० हजार रहेको थियो जुन अहिले सम्मको सवैभन्दा अधिकतम बजार पुँजीकरण मूल्य हो । चालु आर्थिक वर्षको श्रावण महिनामा सो मूल्य १ खर्व ९३ अर्व २१ करोड ३० लाख ५० हजार थियो । बजार पुँजीकरण गत श्रावण महिनादेखि क्रमश बढ्दै मंसिरमा अत्याधिक बनेर त्यसपछि घट्न सुरु गरेको देखिन्छ ।




**बजार पुंजीकरण** (रु. करोडमा) २०६४

धितोपत्र कारोबारको औसत मूल्य देखाउन प्रयोग गरिने NEPSE परीसूचक पनि २०६४ मंसिरमा १०२५.९१ अंक पुग्यो जुन अहिलेसम्मकै सवैभन्दा अधिकतम हो । २०६४ श्रावणमा ७०५.९६ अंक रहेको सो परीसूचक समेत क्रमश बढ्दै २०६४ मंसिरमा अधिकतम भएर त्यसपछि कम हुन गएको छ । २०६४ माघ मसान्तसम्मा नेपाल धितोपत्र विनिमय बजार लि. मा धितोपत्र कारोबारका लागि सूचीकृत हुने संगठित संस्थाहरुको संख्या १४५ पुगेको छ ।




**नेप्से परिसुचक २०६४**

## नयाँ नियमावलीहरू लागू

नेपाल धितोपत्र बोर्डले धितोपत्र सम्बन्धी ऐन, २०६३ को व्यवस्था बमोजिम नेपाल धितोपत्र बोर्ड सम्बन्धी नियमावली २०६४, धितोपत्र बजार संचालन नियमावली २०६४ तथा धितोपत्र व्यवसायी (धितोपत्र दलाल, धितोपत्र व्यापारी तथा बजार निर्माता) नियमावली २०६४ गत कर्तिक १९ गतेदेखि लागू गरेको छ । बोर्डले नेपाल सरकारको स्वीकृति लिई धितोपत्र सम्बन्धी ऐनको उद्देश्य कार्यान्वयन गर्न आवश्यक नियमहरु निर्माण गरि लागू गराउन सक्दछ । लागू भएको नेपाल धितोपत्र बोर्ड सम्बन्धी नियमावलीले बोर्डले सम्पादन गर्नुपर्ने कार्यलाई प्रभावकारी रुपमा कार्यान्वयन गर्न मार्ग निर्देशन गरेको छ । नेपाल धितोपत्र बोर्ड नियमावलीले धितोपत्र बजार सम्बन्धी निरिक्षण तथा सुपरिवेक्षणलाई अरु प्रभावकारी गराउन तथा ऐन नियम पालना नगर्ने धितोपत्र बजार, धितोपत्र व्यवसायी तथा सूचिकृत कम्पनीहरुको अनुसन्धान तथा तहकिकात गरि दण्ड सजाय गर्न सक्ने व्यवस्था गरेको छ । धितोपत्र बजार संचालन नियमावलीले धितोपत्र बजारको स्तर अभिवृद्धि गर्न, सूचीकरण खारेज भएका तथा सूचीकरण हुन नसकेका धितोपत्रहरुको कारोबारका लागि ओभर द काउन्टर बजार सञ्चालन गर्न तथा धितोपत्र कारोबारलाई स्वच्छ र पारदर्शी रुपमा सञ्चालन गराउन आवश्यक व्यवस्थाहरु गरेको छ । साथै, धितोपत्र व्यवसायी (धितोपत्र दलाल, धितोपत्र व्यापारी तथा बजार निर्माता) नियमावलीले बजारको माग अनुसार बजारमा नयाँ धितोपत्र दलाल व्यवसायीहरु प्रवेश गर्न सक्ने व्यवस्था गर्नुका साथै धितोपत्र व्यवसायीहरुको स्तर अभिवृद्धि गर्ने तथा धितोपत्र कारोबारमा प्रतिस्पर्धा गराई लगानीकर्ताहरुले छिटो छरितो सेवा प्राप्त गर्न सक्ने गरि आवश्यक व्यवस्थाहरु गरेको छ ।

### मर्चेन्ट बैंकर नियमावली

नेपाल धितोपत्र बोर्डले धितोपत्र व्यवसायी (मर्चेन्ट बैंकर) नियमावली, २०६४ फागुन ३ गतेदेखि लागू गरेको छ । नेपाल सरकारबाट स्वीकृति भई आएको नियमावली अनुसार धितोपत्रको निष्काशन तथा विक्री प्रबन्धक भई कार्य गर्ने, धितोपत्रको प्रत्याभूति गर्ने, धितोपत्रको पंजीकरण अर्थात सेयर रजिष्टारको कार्य गर्ने र लगानीकर्ताहरुलाई दक्ष लगानी सेवा प्रदान गर्ने समेतको कार्य गर्नाका लागि अनुमति प्रदान गर्न सो को अनुगमन एवं सुपरिवेक्षण गर्न सो नियमावली निमार्ण गरि नेपाल सरकारको स्वीकृति लिई लागू गरिएको हो । साथै, धितोपत्र सम्बन्धी ऐन, २०६३ को दफा ११६ अर्न्तगत तर्जुमा गर्नुपर्ने नियमावलीहरुको नेपाल धितोपत्र बोर्डले मस्यौदा तयार गरिरहेको छ । बोर्डले तयार गरेको मस्यौदाहरु मध्ये धितोपत्र दर्ता तथा निष्काशन नियमावली तथा सामूहिक लगानी कोष (म्युचल फण्ड) नियमावली अन्तिम चरणमा पुगेका छन् ।

## अनुमति पत्र खारेज

नेपाल धितोपत्र बोर्डले ओम सेक्युरिटिज एण्ड एलाइड सर्भिसेज प्रा.लि. को अनुमति पत्र खारेज गरेको छ । अनियमित तवरले धितोपत्र कारोबार गरेको कारण नेपाल धितोपत्र बोर्डको २०६४ मंसीर २७ गते बसेको बोर्ड बैठकले उक्त दलाल कम्पनीको अनुमति पत्र खारेज गर्ने निर्णय गरेको हो । मोहन शर्मा लम्साल, रेश्मा शर्मा लम्साल र राजेश शर्मा पौडेल सञ्चालक रहेको सो कम्पनीले ग्राहकलाई जानकारी नदिई ग्राहकको नाम र नागरिकता प्रयोग गरि ग्राहकको नामको हस्ताक्षर गरि धितोपत्र कारोबार गरेको, ग्राहक सम्बन्धी पुर्ण जानकारी राखेर मात्र कारोबार गर्नुपर्नेमा सो गरेको नदेखिएको, ग्राहकको आदेश प्राप्त गरेर मात्र ग्राहकका लागि धितोपत्र कारोबार गर्नुपर्नेमा आदेश प्राप्त नगरी धितोपत्र कारोबार गरेको देखिएको थियो । धितोपत्र सम्बन्धी ऐन, २०६३ को दफा ८९ को उपदफा (१) को खण्ड (ख) तथा खण्ड (घ) ले लगानीकर्ताहरुको हित विपरित हुने गरि धितोपत्र कारोबार गर्ने धितोपत्र व्यवसायीको अनुमति पत्र खारेज गर्न व्यवस्था गरेकाले बोर्डद्वारा उक्त दलाल कम्पनीको अनुमति पत्र खारेज गरिएको हो ।

## वित्तीय विवरण प्रस्तुती र साधारण सभा


२०६४ माघ मसान्तसम्ममा सूचिकृत संगठित संस्थाहरु मध्ये ८० संगठित संस्थाहरुले आर्थिक वर्ष २०६३।६४ को आर्थिक विवरण एवं वार्षिक प्रतिवेदन नेपाल धितोपत्र बोर्ड समक्ष प्रस्तुत गरेका छन् । सूचिकृत संगठित संस्थाहरुले अघिल्लो आर्थिक वर्षको आर्थिक विवरण तथा वार्षिक प्रतिवेदन कार्तिक मसान्तभित्रमा बोर्डमा बुझाइसक्नुपर्ने व्यवस्था रहेको छ । साथै, १२ सूचिकृत संगठित संस्थाहरुले चालू आर्थिक वर्ष २०६४।६५ को अर्ध वार्षिक विवरण समेत बुझाएका छन् । २०६४ माघ मसान्तसम्ममा पनि वार्षिक साधारण सभा सम्पन्न गर्न नसकेका सूचिकृत संगठित संस्थाहरु पहिचान गरी तिनीहरुलाई साधारण सभा सम्पन्न गर्न नेपाल धितोपत्र बोर्डले निर्देशन दिने भएको छ । त्यस्ता सूचिकृत संगठित संस्थाहरुले प्रत्येक आर्थिक वर्षको प्रथम ६ महिनाभित्रमा अघिल्लो आर्थिक वर्षको साधारण सभा सम्पन्न गरिसक्नुपर्ने व्यवस्था रहेको छ ।

## कम्पनी प्रोफाइल

नेपाल धितोपत्र बोर्डले सूचिकृत संगठित संस्थाहरुले पेश गरेको प्रतिवेदनको आधारमा आर्थिक वर्ष २०६३।६४ को कम्पनी प्रोफाइल तयार गरिरहेको छ । यसरी तयार गरिएको कम्पनी प्रोफाइल बोर्डको वार्षिक प्रतिवेदनमा समेत प्रकाशन गर्ने गरिएको छ । सो प्रोफाइलको तयारी पछि सूचीकृत संगठित संस्थाहरुको बारेमा यथार्थ जानकारी उपलब्ध हुनेछ ।


# धितोपत्र निष्काशन

नेपाल धितोपत्र बोर्डले चालू आर्थिक वर्षको माघ मसान्तसम्ममा ४ अर्ब ५७ करोड ८० लाख ९५ हजार बराबरको धितोपत्र निष्काशनका लागि अनुमति दिएको छ । सो निष्काशित रकम मध्ये ४० करोड २४ लाखको साधारण सेयर, २ अर्ब ६७ करोड ५६ लाख ९५ हजारको हकप्रद सेयर र १ अर्ब ५० करोड बराबरको





क्षेत्रगत निष्काशन (रु. करोडमा)

ऋणपत्र निष्काशन अनुमति रहेको छ । माघ मसान्तसम्मको कूल धितोपत्र सार्वजनिक निष्काशनमा ३ बाणिज्य बैंकको ४६ करोड ४२ लाख ८१ हजार, ७ विकास बैंकको १ अर्ब १२ करोड ५४ लाख ५१ हजार, १० वित्त कम्पनीको १ अर्ब ४१ करोड ४८ लाख, ३ बीमा कम्पनीको ७ करोड ३५ लाख ६२ हजार र १ अर्ब ५० करोडको विद्युत ऋणपत्र रहेको छ ।




औजारगत निष्काशन (प्रतिशतमा)




निस्काशन संख्या र निष्काशन तथा विक्री प्रबन्धकहरु

## पाइप लाइनमा निष्काशन

चालू आर्थिक वर्षको माघ मसान्तसम्मा २ अर्ब ३८ करोड १० लाख ६५ हजार बराबरको धितोपत्रको निष्काशनका लागि आवेदन परेको छ । ६ बाणिज्य बैंक, ७ वित्त कम्पनी, एक जलविद्युत कम्पनी, एक बीमा, एक विकास बैंक र एक ब्यापार कम्पनी गरी १७ विभिन्न संगठित संस्थाहरु रहेका छन् । निष्काशन अनुमतिका लागि प्रक्रियामा रहेको सो कूल रकम मध्ये १ अर्ब १५ करोडको ऋणपत्र, ७४ करोड ३० लाखको हकप्रद सेयर र ४८ करोड ८० लाख बराबरको साधारण सेयर रहेको छ । पाइपलाइनमा रहेको कुल निस्काशनमध्येको औजारत निस्काशनमा २०.५० प्रतिशत साधारण सेयर ३१.२१ प्रतिशत हकप्रद सेयर र ४८.३० प्रतिशत ऋणपत्र रहेको छ । निष्काशन अनुमतिको प्रक्रियामा रहेको कूल रकम मध्ये जलविद्युत क्षेत्रको अरुण भ्याली हाइड्रोपावर डेभलपमेण्टले प्रति कित्ता रु. ३००।- प्रिमियम थप गरी रु. ४००।- मा साधारण सेयर सार्वजनिक निष्काशन गर्न पाउँ भनी बार्ड समक्ष निवेदन दिएको छ ।

### साधारण सेयर

रु. करोडमा

| क्र.सं. | कम्पनी | क्षेत्र | प्रस्तावित निष्काशन रकम |
|---|---|---|---|
| १ | इन्भेष्टा फाइनान्स कं. लि. | वित्त | १.६० |
| २ | अरुण भ्याली हाइड्रो पावर डेभलपमेण्ट कम्पनी | जलविद्युत | १२.०० |
| ३ | बैंक अफ एशिया लि. | बाणिज्य बैंक | ३०.०० |
| ४ | शुभेच्छा विकास बैंक लि. | विकास बैंक | १.२० |
| ५ | कास्की फाइनान्स लि. | वित्त | २.०० |
| ६ | सगरमाथा मर्चेण्ट बैंकिङ्ग एण्ड फाइनान्स लि. | वित्त | २.०० |
| | जम्मा | | ४८.८० |

### हकप्रद सेयर

रु. करोडमा

| क्र.सं. | कम्पनी | क्षेत्र | प्रस्तावित निष्काशन रकम |
|---|---|---|---|
| १ | जनरल फाइनान्स कं. लि. | वित्त | १.१० |
| २ | सम्झना फाइनान्स कं. लि. | वित्त | २.७८ |
| ३ | काठमाडौ फाइनान्स कं. लि. | वित्त | ३.३० |
| ४ | पश्चिमाञ्चल फाइनान्स कं. लि. | वित्त | २.७८ |
| ५ | नेको इन्स्योरेन्स कं. लि. | वीमा | ५.५० |
| ६ | एन.आई.सी. बैंक लि. | बाणिज्य बैंक | १५.८४ |
| ७ | कुमारी बैंक लि. | बाणिज्य बैंक | १८.०० |
| ८ | लुम्बिनी बैंक लि. | बाणिज्य बैंक | २५.०० |
| | जम्मा | | ७४.०३ |

### ऋणपत्र

रु. करोडमा

| क्र.सं. | कम्पनी | क्षेत्र | प्रस्तावित निष्काशन रकम |
|---|---|---|---|
| १ | हिमालय बैंक लि. | बाणिज्य बैंक | २५.०० |
| २ | साल्ट ट्रेडिङ्ग कर्पोरेशन | ब्यापार | ५०.०० |
| ३ | कुमारी बैंक लि. | बाणिज्य बैंक | ४०.०० |
| | जम्मा | | ११५.०० |

## नयाँ नियमावलीको ब्यवस्था बमोजिम अनुमतिका लागि निवेदन

धितोपत्र विनिमय बजारमा कार्यरत २३ धितोपत्र दलाल व्यवसायीहरुले नयाँ नियम बमोजिमको अनुमति पत्रका लागि नेपाल धितोपत्र बोर्ड समक्ष निवेदन दिएका छन् । एउटा धितोपत्र ब्यापारी तथा बजार निर्माताले समेत अनुमतिका लागि निवेदन पेश गरेको छ । बोर्डले लागू गरेको धितोपत्र व्यवसायी (दलाल, ब्यापारी तथा बजार निर्माता) नियमावली, २०६४ मा साविकका धितोपत्र ब्यवसायीहरुले अनुमतिपत्रका लागि नियमावली लागू भएको तिन महिनाभित्र आवेदन दिइसक्नुपर्ने ब्यवस्था रहेको छ । सो अवधिभित्र अनुमतिका लागि निवेदन नदिने धितोपत्र ब्यवसायीको अनुमति खारेज समेत हुन सक्ने ब्यवस्था रहेको छ ।

## धितोपत्र दलाल सुपरिवेक्षण

धितोपत्र सम्बन्धी प्रचलित ऐन नियम बमोजिम धितोपत्र दलाल ब्यवसायीले पालना गर्नुपर्ने ब्यवस्था भए नभएको सम्बन्धमा बोर्डले धितोपत्र दलाल ब्यवसायीहरुबाट तोकिए बमोजिमका विवरणहरु बुझाए नबुझाएको हेर्ने तथा नबुझाएको अवस्थामा सचेत गराउने र अन्य आवश्यक विवरण माग गर्ने, विवरण स्पष्ट नभएमा स्पष्ट गर्न लगाउने, आवश्यक भए थप विवरण समेत माग गर्ने कार्यहरु गर्दै आईरहेको छ । उपरोक्तानुसार गैर स्थलगत सुपरिवेक्षणका आधारमा आवश्यकता अनुसार स्थलगत निरिक्षण समेत गर्ने गरिएको छ । यस आर्थिक वर्षको माघ मसान्तसम्म बोर्डले पाँच दलाल ब्यवसायीको स्थलगत निरिक्षण गरेको छ । बोर्डले निरिक्षणका क्रममा नियम बमोजिम ग्राहक विवरण राखेर, ग्राहकको आदेश प्राप्त गरि आदेश दर्ता गरेर माग कारोबार गर्न दलाल ब्यवसायीहरुलाई निर्देशन समेत दिएको छ ।

## धितोपत्र कारोबारको अनलाइन सुपरिवेक्षण

नेपाल धितोपत्र विनिमय बजार लि. मा यान्त्रिकृत कारोबार प्रणाली स्थापना भएपछि सो प्रणाली अर्न्तगत हुने धितोपत्र कारोबारको बोर्डले अनलाईन सुपरिवेक्षण कार्य शुरु गरेको छ । बोर्डमा स्थापित सुपरिवेक्षण प्रणाली अर्न्तगत धितोपत्र, धितोपत्र दलाल, धितोपत्र खरिद विक्री गर्ने व्यक्ति आदिलाई केन्द्रित गरि कारोबार सुपरिवेक्षण गर्ने गरिएको छ ।


**नेपाल धितोपत्र बोर्डद्वारा प्रकाशित**

सरक्षकः डा. चिरञ्जीवी नेपाल, सल्लाहकार सम्पादकः निरज गिरी, परिष्ठनाथ पौड्याल, सम्पादकः गोपालकृष्ण आचार्य

कार्यालयः थापाथली, काठमाडौं, पो.ब.नं. ९०३१, फोन नं. ४२३०४०९, ४२४८३८१ फ्याक्सः ४२४६४३४, इमेलः sebo@ntc.net.np Web: www.sebonp.com